भाग-१

# कनकाई नगरपालिकाको आ.ब. ०८०/८१ को नीति तथा कार्यक्रम

**नगरसभाका सभाध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण कर्मचारी तथा संचारकर्मीज्यूहरू ।**

जन निर्वाचित सर्वोच्च निकाय संविधान सभाबाट २०७२ आश्विन ३ गते जारी भएको नेपालको संविधान जारी भए पश्चातको ६ आर्थिक बर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत भई सकेको छ । यस गरिमामय नगरसभा समक्ष आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा मलाई हर्षको अनुभूति भएको छ । यो नीति तथा कार्यक्रम संविधान जारी भए पश्चात दोश्रो निर्वाचित कार्यकाल पछिको दोस्रो तथा संघीयताको कार्यान्वयन पछिको नियमित बजेट अन्तरगतको सातौ आर्थिक बर्षको नीति तथा कार्यक्रम हो। यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि विभिन्न कालखण्डमा भएको आन्दोलनमा आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरु तथा निरंकुशताको विरुद्धमा जीवन पर्यन्त संघर्ष गरी दिवंगत हुनुभएका सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।विभिन्न प्राकृतिकजन्य रोगका कारणबाट यस नगरपालिका क्षेत्र भित्र तथा स्वदेश र विदेशमा समेत मृत्युवरण हुनु भएका सम्पूर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

१. देशमा युगान्तकारी राजनीतिक परिवर्तन भएको र सबै प्रकारका द्वन्द्वहरूको उदाहरणीय रूपमा व्यवस्थापन गर्दै लामो राजनीतिक अस्थिरता, सङ्क्रमणकाल र अन्योलको गोलचक्रबाट मुलुकलाई जनताकै त्याग, तपस्या र बलिदानका साथै निर्णायक फैसलाबाट महान् उपलब्धिका कारण यो उचाइसम्म ल्याई पुर्याउन सफल भएको छ । बेपत्ता भएका र पारिएका सबै परिवारलाई स्मरण गर्न चाहन्छु। राजनैतिक परिवार्तनका लागि यस नगरपालिकावाट बिभिन्न समयमा नेतृत्व प्रदान गर्नहुने सबै अग्रज राजनीतिक तथा सामाजिक व्यक्तित्वहरू प्रति हार्दिक श्रद्धाभाव प्रकट गर्न चाहन्छु ।

२. जनताको त्याग, तपस्या, बलिदान र आन्दोलनका साथै यस भू-भाग प्रति माया गर्नुहुने सबै राजनीतिक दल, संचारकर्मीहरु, विभिन्न संघ-संस्थाहरु तथा शुभेच्छुकहरु समेतबाट यस नगरलाई हालको संरचनामा रूपान्तरण गर्न खेल्नु भएको भूमिकाको उच्च मूल्याङ्कन गर्दै यो ऐतिहासिक सफलताको निमित्त सबै प्रति आभार व्यक्त गर्दछु ।

३. नेपाली जनताले राजनीतिक परिवर्तनका लागी गरेको सङ्घर्षबाट नेपालको संविधान जारी भई मुलुक संघ, प्रदेश र स्थानीय तहमा रुपान्तरण भएको हो। विषेश गरी स्थानीय तहलाई आत्म निर्भरताको दिशा तर्फ उन्मुख गराउने उद्देश्यको प्रतिफल स्वरुप राज्यको पुनःसंरचना गर्दा स्थानीय तहलाई अधिकार सम्पन्न बनाइएको हो । यसर्थ, स्थानीय तहका लागि निक्षेपित अधिकार र कर्तव्यलाई संस्थागत गर्नु हामी सबै नागरिकहरुको साझा दायित्व रहन गएको छ। स्थानीय तहको नयाँ संरचना अन्तर्गत नयाँ प्रयोगको अवस्थालाई पार गरेर ६ बर्षको अवधि व्यथित गरेसकेका छौं । यसरी स्थानीय तहलाई सफल, स्थिर एवं दीगो बनाई जनतालाई अधिकतम सेवा सुविधा उपलब्ध गराउँदै विकासका समग्र सुचकहरुलाई दीगो विकास (SDG) का लक्ष्यहरु कार्यन्वयन गर्दै यस नगरलाई मुलुक कै सर्वोकृष्ट नगरको रुपमा परिचित गराउनु परेको छ। यी समग्र कार्य गर्नका लागि हामीले हाम्रो आफ्नै आन्तरिक आम्दानीका श्रोतहरूको दायरालाई थप फराकिलो बनाउँदै समृद्ध र आत्मनिर्भर कनकाई नगरपालिका बनाउनको लागि अहम् भूमिका निर्वाह गर्ने दायित्व तपाई हामी सबैको काँधमा आइपरेको छ । जसका लागि यहाँहरुको निरन्तर सहयोग र प्रतिबद्धता अपरिहार्य रहनेछ ।

४. कुशलता र दूरदर्शिताका साथ नगरका नागरिकहरुसँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्नु पर्ने छ ।बन्द निषेधित कनकाई नगरको रूपमा परिचित हाम्रो नगरलाई देशकै उत्कृष्ट नगरको पहिचानलाई ग्रहण गरेर नगरवासीबाट प्राप्त सद्भाव, मायाँ तथा उचित सल्लाह र सुझावलाई जनादेशको रुपमा लिईदै आएको छ । हाम्रा अगाडि नगरी नहुने कामका चाँङ्गका थुप्राहरु प्रशस्तै रहेका छन् तापनि ति सबैलाई आवश्यकता, औचित्यता र सामर्थ्यताको आधारमा उच्च प्राथमिकतादिई उत्साह र तदारुकताका साथ सम्पन्न गर्दै जानुपर्ने नितान्त आवश्यकता रहेको छ ।

५. विभिन्न प्रकृतिक तथा मानवीय प्रकोपका कारण नीति, कार्यक्रम तथा विनियोजित बजेटबाट तोकिएका योजना तथा कार्यक्रमहरु समयमा नै सम्पन्न गर्नलाई अवरोध सिर्जना भएमा नेपाल सरकार तथा प्रदेश सरकार समेतबाट तोकिने मापदण्ड, निर्देशन र निर्णयहरुलाई समेत पूर्ण रुपमा परिपालन गर्दै विकास निर्माणका कार्यहरुलाई नगरवासीहरुको साथ र सहयोगबाट हातेमालो गर्दै तोकिएको समयमा नै सम्पन्न गरिने छ ।

६. समग्र आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रहरुको बिकास समानुपातिक ढंगबाट ब्यबस्थापन गर्न नगरपालिका दृढ संकल्पित रहेको छ। स्थानीय सरकार गठन भए पश्चात जनप्रतिनिधीहरुबाट नागरिकले अनुभूत गर्ने गरी समग्र क्षेत्रको परिवर्तन र विकासका कार्यहरु निरन्तर भईरहेको व्यहोरा जानकारी गराउदछौं। संघीय तथा प्रदेश सरकारको बजेट विनियोजनबाट प्राप्त हुन आउने योजना, कार्यक्रम र आयोजना तोकिएको समयमानै सम्पन्न भईरहेका छन ।

नगरसभाका सभाध्यक्षज्यू,
नगरसभाका सदस्यज्यूहरु,

७. हामी जनप्रतिनिधीहरुले जनतासामु राखेका योजना तथा कार्यक्रमहरु कानुन, विधि र प्रकृयागत ढंगवाट अगाडी बढाईने कार्यलाई थप व्यवस्थित बनाउदै लगिनेछ । यसरी नै संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको एकल अधिकारका सूचीमा रहेका २२ वटा अधिकार क्षेत्रका सन्दर्भमा आवश्यकता अनुसारका कानुन निर्माण भरहेका र नागरिकको हित हुने थप कानुनहरु क्रमशः निर्माण गरी कार्यान्वयन गरिदै लगिने छ।

८. यस नगरपालिकालाई संघ तथा प्रदेश सरकारवाट प्राप्त हुने अनुदान र शसर्तका कार्यक्रमहरुको भरपुर उपयोग गरी नगरको समग्र क्षेत्रहरुको समान विकास गरी भरपर्दो र दीगो विकासका आधारस्तम्भ तयार गर्न सफल भएका छौं ।

९. स्थानीय सरकारले लिएका नीतिगत तथा महत्तम सुधारात्मक उपायका परिणाम स्वरुप सबै क्षेत्रमा पक्कैपनि सकारात्मक नतिजाहरु देखिएकै छ । आर्थिक सुचकका अव्यवहरुलाई निरन्तर आर्थिक उन्नतिको पाटोसंग जोडी नगरको समग्र हितलाई प्राथमिकतामा राखि योजना तथा कार्यक्रमहरु छनौट गरिदै आएको तथा त्यसलाई व्यवस्थित र भरपर्दो बनाउदै लगिएको छ ।

१०. सार्वजनिक सेवा प्रवाहमा गुणस्तर र सुशासनका मापदण्डलाई कार्यान्वयन गर्दै सेवामैत्री भावले सेवा प्रवाह निरन्तर गरिदै आएको छ । सेवाप्रवाहमा थप सुधार गर्नुपर्ने क्षेत्र तथा विषयहरुमा निरन्तर नागरिकहरुको राय सुझावलाई सुधारका रुपमा सम्बोधन गर्दै लगिने छ ।

११. लोकतन्त्रप्रति नागरिकको भरोसा उत्साहजनक ढंगले बढेको छ । स्थानीय नागरिकको अविश्वास र निरासालाई आशा र आत्मविश्वासले जित्दै लगेको छ । नागरिकको अभूतपूर्व साथ र सहयोग निरन्तर प्राप्त भईनै रहेको छ । दृढ इच्छशक्ति र संकल्पलेनै विभिन्न विकृति र अवरोधहरुलाई नियन्त्रण गर्दै आगामी दिनहरुमा विश्वसनीय ढंगले सुशासनका अव्यवहरु स्थापित हुदै जाने छन् ।

१२.मुलुकको समग्र क्षेत्रमा कोभिड १९ , डेंङगु  लगायतका विभिन्न प्राकृतिक तथा मानवीय प्रकोपले मुलुकको समग्र अर्थतन्त्रमा दबाव (pressure) उत्पन्न भई आर्थिक स्थायित्व र वित्त व्यवस्थापनमा तोकिएका राजश्वका दरहरुले लक्ष्य प्राप्त गर्न नसकिरहेको अवस्थामा विकास निर्माण लगायतका कामहरुमा कतिपय तोकिएका योजना र कार्यक्रमहरुबाट पछाडि फर्कनु परेको अवस्था रहेको र जस्को असरले आगामी आर्थिक वर्षमा समेत वित्त व्यवस्थापनमा चुनौतिको सामना आईपर्ने देखिएको छ ।

१३. स्थानीय राजश्व प्रशासनलाई थप सुदृढ बनाउदै समयानुकुल राजश्वका दरहरुका दायराहरु क्रमशः विस्तार गरिनेछ ।स्थानीय कर चुहावट न्यून विजकिकरण जस्ता क्षेत्रहरुमा कडाइका साथ व्यवस्थापन र नियन्त्रण गरिनेछ । चालु खर्चलाई क्रमशः नियन्त्रण गर्दै पूँजीगत खर्च वृद्धि गर्दै जाने नीति लिइनेछ ।आर्थिक प्रशासनलाई चुस्त, पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा जोडदै लगिनेछ ।विद्युतीय खरिद प्रणालीबाट खरिद गर्ने प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइदै कार्यसम्पादन गरिनेछ ।

१४. नगर भित्र रहेको सहकारी संस्था अन्य संघसंस्थाहरुको अनुगमन र नियमन संस्थागत सुशासन र बचत तथा लगानीको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।स्थानीयस्तरमा रहेको ज्ञान,सीप,पुँजी,प्रविधि सञ्चाल र पुँहुचलाई नागरिकको विकास र समृद्धिसँग जोडिने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. स्थानीयस्तरमा सञ्चालन हुने विकास आयोजनाहरु निर्धारित समय,लागत र गुणस्तरमा सम्पन्न गरिने तथा सम्पन्न नभएका आयोजनाहरुमा बजेट विनियोजन गर्ने नीति लिइनेछ ।आयोजनाहरुको अनुगमन तथा नियमनलाई थप प्रभावकारी र नतिजामुखी बनाईनेछ । योजनामा देखिएका दोहोरोपना हटाइनेछ ।

१६. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सामूहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित वस्तुको व्यवस्थित बजारीकरण गरिनेछ ।रैथाने बाली,बीउविजन र कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण गर्दै प्राङगारिक र जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।उपयोगमा नआएका तथा बाझो जमिनमा कृषि खेती प्रवर्दधन गर्न युवाहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

१७. स्थानीयस्तरमा छरिएर रहेका लघु ,घरेलु तथा साना उद्योगका उत्पादनलाई बजारीकरणमा टेवा पुर्याउन सार्वजनिक-निजी-साझेदारी (PPP) मोडलमा आवश्यक कानुन निर्माण गरी कोशेली घर जस्ता व्यवसाय सञ्चालनमा ल्याइने व्यवस्था मिलाईने छ ।

१८. स्थानीयस्तरका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरुको अध्ययन अनुसन्धान, संरक्षण, सम्बर्द्धन एवम् प्रवर्द्धन गर्दै लगिने छ ।त्यसका लागि संघीय तथा प्रदेश सरकारको समन्वय, सहयोग र सहकार्यमा अन्वेषण, उत्खनन र उचित संरक्षणको लागि प्राथमिकता दिईनेछ ।

१९. नगरमा रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरुलाई सुन्दर र आकर्षक बनाउन पर्यटन सञ्जाल विस्तार गर्ने नीति अवलम्बन गरिने छ । नगरमा रहेका पर्यटन स्थलहरुको पूर्वाधारको विकास, सुरक्षा र नयाँ पर्यटकीय गन्तव्यहरुको खोजी गरिने छ ।

२०. विपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, असहाय तथा एकल महिला एवम् जेष्ठ नागरिकहरुलाई लक्षित गरि विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

नगरसभाध्यक्षज्यू,

नगरसभासदस्यज्यू,

२१. नगरमा रहेका संघसंस्थाको समन्वय र सहकार्यमा नगरको सरसफाई स्वच्छता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।कनकाई, बिर्तामोड, अर्जुनधारा नगरपालिका र नागरिकहरु समेतको सहःलगानीमा निर्माण भई सञ्चालन तथा उत्पादनको अन्तिम चरणमा रहेको कनकाई-बिर्ता-अर्जुन नविकरणीय उर्जा लि. मा प्रकृयागत रुपमा फोहोरको उचित व्यवस्थापन गरिनेछ ।

२२. शिक्षा, स्वास्थ्य, विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई आम नागरिकको पँहुचमा पुग्नेगरी क्रमशः विस्तार गरिनेछ । चालु आ.व.मा नै नगरले सञ्चालनमा ल्याएको अनलाईनबाट हुने सेवाप्रवाहलाई थप प्रचारप्रसार गर्दै लगिने र विद्युतिय तथ्याङ्कहरुको सुरक्षण, भण्डारण र उपयोगलाई व्यवस्थित गरिनेछ ।

२३. जलवायु अनुकुलन तथा विपद व्यवस्थापनको क्रियाकलापलाई एकिकृत गरी जोखिम न्यूनिकरण तथा रोकथाम गरिनेछ । बाढी, पहिरो, भू-क्षय, डुवान लगाएतका कारणबाट जोखिममा रहेका क्षेत्र/स्थान र विस्थापित हुनसक्ने परिवारलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने तथा कन्काई र विरिङ्ग नदिहरुमा हुनसक्ने बाढीजन्य विपद व्यवस्थापनमा संघीय तथा प्रदेश सरकारसग आवश्यक सहयोगका लागि समन्वय गरिनेछ । विपद पूर्व तयारी, जोखिम पूर्व चेतावनी, विपद प्रतिकार्यको तयारी तथा विपद न्यूनिकरण पुनःस्थापनाका क्रियाकलापहरु नगर तथा वडाबाट समन्वयात्मक ढंगबाट सञ्चालन/परिचालन गरिनेछ । साथै विपदसंग सम्बन्धित स्वचालित सूचना प्रणालीको उचित व्यवस्थापन गर्दै लगिनेछ ।

२४. लैंगिक समानता र सामाजिक समावेशिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्न नेतृत्व एवम् क्षमता विकासमा जोड दिइने तथा शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, सामाजिक सुरक्षा र पूर्वाधार लगायतका क्षेत्रहरुमा महिला लक्षित कार्यक्रममा विशेष जोड दिइने नीति अवलम्बन गर्दै लगिनेछ । साथै समाजमा रहेको बालविवाह, बहुविवाह, दाइजो र बोक्सी जस्ता कुप्रथाहरुको विरुद्ध सचेतनामूलक कार्यक्रमहरु गरिने छ ।

२५. नेपाल सरकारले अवलम्बन गरेको गुणस्तरीय एवम् सर्वसुलभ शिक्षाको अवधारणा बमोजिम नगरभित्र रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने, सिकाउने र टिकाउने कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ । आर्थिक रुपले विपन्न तथा अपाङ्ग भएका बालबालिकाहरुका लागि विशेष कार्यक्रम सञ्चालन गर्दै लगिने छ । शिक्षा क्षेत्रमा देखिएका सबै किसिमका छात्रवृत्ति कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत उपलब्ध गरिने व्यवस्था मिलाईने छ ।

२६. स्वास्थ्य क्षेत्रमा नगरका सबै नागरिकको पँहुच सुनिश्चित गर्दै आधारभूत स्वास्थ्य परिक्षण तथा उपचार थप व्यवस्थित गर्दै विस्तार गरिने छ । संक्रामक तथा महामारीजन्य प्राकृतिक रोग विरुद्ध चेतनामूलक अभियान सञ्चालन गरिने र नसर्ने रोगहरुको बारेमाम नागरिकलाई विशेष कार्यक्रममार्फत जानकारी गराईने छ । स्वास्थ्य संस्थाहरुमा रहेको न्यून जनशक्तिको थप व्यवस्थापन गर्दै सेवा प्रवाहको गुणस्तर र सरसफाईका क्षेत्रमा विशेष ध्यान दिइनेछ।

२७. विद्यालयस्तरिय वार्षिक एवम् अन्य खेलकुद प्रतियोगिता आयोजनालाई थप व्यवस्थित र खेलमैत्रीको रुपमा सञ्चालन गरिने छ । खेलकुदलाई स्थानीय नागरिकको गौरब र प्रतिष्ठा बढाउने माध्यमको रुपमा विकास गर्दै प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीहरुलाई थप प्रोत्साहित एवम् पुरस्कृत गर्दै लगिने छ ।श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्ति उत्पादका लागि तालिम प्रदायक संस्थाहरुको समन्वय र सहयोगमा प्राविधिक तथा व्यवसायिक प्रशिक्षण प्रदान गरिनेछ ।

२८. न्यायीक समिति मार्फत न्याय सम्पादन छिटो, छरितो र कम खर्चिलो हुनेगरी कानूनी सेवा मार्फत निरुपण गरिनेछ । न्यायीक निकायहरुको समन्वय र सहकार्यमा न्यायीक निरुपणलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

२९. नगरमा हुने कालो बजारी, कृत्रिम अभाव, व्यवसाय एकाधिकार, लगाएतका सुशासन विरोधी क्रियाकलापहरुको नियमित अनुगमन गरी प्रभावकारी रुपमा आवश्यक संयन्त्रहरु परिचालन गरिनेछ । नगरमा रहेका चल अचल सम्पत्तिहरुको व्यवस्थित अभिलेख तयार गरि त्यस्ता सम्पतिहरुको संरक्षण सम्बर्द्धन गरिनेछ ।

३०. यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरिएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गर्ने मूल आधार र मार्गदर्शनको रुपमा नेपालको संबिधान, संबिधानले अंगिकार गरेको एकल तथा साझा अधिकार, नगरको आवधिक योजना (Periodic Plan), नगरले निर्माण गरेका विभिन्न ऐन,कानुनहरु, राजनीतिक दलहरुले निर्वाचन ताका जनतासामु जारी गरेका घोषणपत्रहरु, नगरले हालसम्म प्राप्त गरेका उपलब्धिहरु, नेपाल सरकार र प्रदेश सरकारले समय-समयमा बनाएका कानुन, मापदण्ड, कार्यविधि, दिग्दर्शन, निर्देशिका समेतलाई दिगो विकासका लक्ष्यहरु (SDG), नगरका राजनैतिक दल तथा राजनैतिक दलका भातृ संगठनहरु, विभिन्न संघसंस्थाहरु र नागरिकहरु समेतको राय सुझावहरुलाई मुल आधार लिई यो सम्मानित नगरसभा समक्ष यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

३१. विभिन्न प्राकृतिक तथा मानविय प्रकोपको समयमा अहोरात्र खटिनुभएका स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, एम्बुलेन्स चालक, व्यबस्थापकीय कार्यमा रहनु भएका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरु तथा उक्त प्रकोपका विरुद्धको महाअभियानमा सहकार्य, समन्वय र सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दलहरु, नीजि क्षेत्र, सम्पूर्ण संघ-संस्थाहरु, सञ्चार माध्यम लगायत कनकाई नगरबासी नागरिकहरु प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**नगरसभाकासभाध्यक्षज्यू,**

नगरसभाकासदस्यज्यूहरु,

"समुन्नत सम्पदा दीगो पूर्वाधार, समृद्ध कनकाईको मूल आधार" भन्ने नगरको नारालाई आत्मसाथ गरी अब म यहाँहरु समक्ष यस सम्मानित यस तेहौं नगरसभा समक्ष आगामी आ.ब.०८०/०८१को क्षेत्रगतरुपमा नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## क) पूर्वाधार विकास क्षेत्र तर्फको नीति तथा कार्यक्रमः-

- "हाम्रो विकास हाम्रो हात, सबै जुटौं हामी एकै साथ" भन्ने नाराका साथ कनकाई नगरपालिकाको पूर्वाधार विकास योजना बमोजिम गरिने गरि पूर्वाधार निर्माण कार्यलाई थप ब्यवस्थित गर्दै लगिने छ।
- पूर्वाधारविकासमाअन्यसरकारी, गैह्र सरकारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरूसँग साझेदारी गर्ने नीतिलाईनिरन्तरता दिईने छ ।
- नगर भित्रका सडक कालोपत्रे गर्दा घना वस्ती र बजार क्षेत्रमा आवश्यकता अनुसार प्राप्त प्राविधिक प्रतिवेदनका आधारमा नाला निर्माण गर्ने, सम्बन्धित सडकको राइट अफ वे, सडकको नाम र विवरण जानकारी गराउन होर्डिङ बोर्ड सम्बन्धित सडकहरुमा राख्ने व्यवस्थालाई थप कडाईका साथ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- समपूरक कोष अन्तर्गत सञ्चालन हुने नगर भित्रका सडकहरूलाई फराकिलो एवं व्यवस्थित सडकको रूपमा विस्तार गर्न नगरको सडक क्षेत्राधिकार भित्र कम्तिमा ६ मिटर वा सो भन्दामाथि चौडाइ भएका सडक कालोपत्रे गर्दा नगरपालिका र उपभोक्ता समिति बीचको लागत साझेदारी सघन सहरी क्षेत्रमा ६०–४०, मध्यम सहरी क्षेत्रमा ८०–२० र ग्रामीण क्षेत्रहरूमा ९५–५ को साझेदारी गर्ने नीतिलाई निरन्तरता दिईनेछ। साथै त्यस्तो कार्य सम्पन्न गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम र संघिय तथा प्रदेश सरकारवाट विभिन्न समयमा तोकिए अनुसारको मापदण्ड र निर्देशिकाको अधिनमा रही सडक कालोपत्रे गर्ने कार्य कानुनमा व्यवस्था भए बमोजिमको प्रकृयाबाट सम्पन्न गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिने छ। नगरपालिका गठन हुनुभन्दा पहिले नै निर्माण भई सकेका भौतिक संरचनाहरु रहेको सहरी क्षेत्रहरुमा जहाँ सडक विस्तार गर्दा बढी क्षति हुने स्थानमा ४०० मिटर भन्दा कम लम्बाई भएका सडकहरु ६ मिटर भन्दा कम चौडाईमा समेत साझेदारीमा लगानी गर्न बाधा पर्ने छैन भन्ने विगतको नीतिलाई निरन्तरता दिईनेछ ।
- सडकको नयाँ ट्र्याक खोल्ने कार्यमा नगरपालिकाको लगानीलाई निरुत्साहित गर्दै नगर क्षेत्र भित्रका सडकहरूको स्तरोन्नतिलाई पहिलो प्राथमिकता दिदै राष्ट्रिय सहरी नीति कार्यान्वयनमा समेत जोड दिइनेछ।
- नगरपालिकाभित्र पक्की सडक निर्माण गर्दा खानेपानीको पाइप पास गराउनकालागि प्रत्येक १००/१०० मिटरको दूरीमा क्रस पाइप बिछ्याउनविगत आ.ब.देखिनै कार्यान्वयन गर्ने

नीतिलाई क्रमशःअगाडी बढाईने छ । साथै, ढल बनाउन नसकिने स्थानमा पिच संरक्षण गर्न प्लमवाल लगाउने नीतिलाई निरन्तरता दिईने छ ।

- सडक निर्माण गर्दा सडकको दुवै छेउमा बिरुवाहरू रोपी सोको संरक्षण गर्न सम्बन्धित उपभोक्ता समितिहरूलाई थप जिम्मेवार बनाउने नीति आगामी आ.व. देखि अभियानको रुपमा संचालन गरिने छ। कुनै पनि विकास निर्माणका कार्य गर्दा दोहोरोपना नहुने गरी एकद्वार नीति अपनाई योजना तथा कार्यक्रम छनौट गरिने तथा नगर र वडाबाट छनौट हुने योजना बीच तादाम्यता मिलाईने छ ।
- नगर क्षेत्रभित्र आवश्यकता अनुसार बहुउद्देश्यीय तथा सामुदायिक भवनहरुको निर्माण तथा नगरका गौरवका पुर्वाधार आयोजनाहरु सम्पन्न गर्न आवश्यक पर्ने रकम संघ, प्रदेश तथा लगानी गर्ने दातृ निकायहरु बिचको साझेदारीमा निर्माण कार्य अगाडी बढाउने नीतिलाई निरन्तरता दिइनेछ।
- नेपाल सरकारले जारी गरेको भू-उपयोग नियमावली, २०७९को अधिनमा रही नगरका जग्गाको अभिलेख अध्यावधिकको कार्यलाई शिघ्रताका साथ सम्पन्न गरि जग्गाकोबर्गिकरण गरिनेछ।
- नगरलाई व्यवस्थित सहरको रूपमा विकास गर्न भवन निर्माण आचार-संहिता तथा बस्ती विकास सम्बन्धी आधारभूत मापदण्डलाई थप व्यवस्थित गर्दै लगिनेछ। संविधानले निर्दिष्ठ गरे अनुसार आर्थिक स्तर कमजोर भएका विपन्न नागरिकहरुलाई सुरक्षित आवास प्राप्त गर्ने हक प्रत्याभूत गर्न **मेयर आवास** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सडकको खाल्डाखुल्डी पुर्ने एवं ग्रावेलका नाममा हुने बजेट अव्यवस्थालाई नियमन गरी स्तरीय ग्रावेलका लागि सम्बन्धित उपभोक्ता समितिलाई नै थप जिम्मेवार बनाईने छ। सडक निर्माण गर्दा स्थानीय स्तरमा उत्पादन हुने पकेट क्षेत्र र पर्यटन क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढाईने छ।
- नगरका निर्माण हुन बाँकी रहेका वडा कार्यालयका भवनहरु संघीय सरकार तथा नगरको समेत साझेदारीमा निर्माण गर्दै लगिने छ । त्यस्ता भवनहरू जेष्ठ नागरिक, अपाङ्ग तथा बालमैत्री हुने गरी निर्माण गरिनेछ।
- नदी नियन्त्रण कार्यक्रमलाई संघ, प्रदेश तथा दातृ निकाससँगको सहयोग एवं सहकार्यमातटबन्धन तथा ग्रीन बेल्ट बाटो निर्माण कार्यलाई उत्साहका साथ अगाडि बढाईने छ।

- रु.१० लाख भन्दा माथिका योजनाहरू कार्यान्वयन गर्दा आवश्यकता र औचित्यका आधारमा इ–टेन्डर प्रकृयाका माध्यमबाट गरिदैं आएको नीतिलाईथप प्रभावकारी रुपमा अगाडीबढाईनेछ।उपभोक्तासँग लागत सहभागितामा नगद नै बापत न्यूनतम ५%नगरको

राजश्व खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ। स्थानीय श्रोत तथा साधनको अधिकतम प्रयोगलाई उच्च प्राथमिकतामा राखिनिर्माण कार्य अगाडी बढाईनेछ।

- नगरभित्र रहेका सार्वजनिक सडकरबाटोहरूको रेखाङ्कन गर्न बाटोको शुरु, मध्य, अन्त्य हुने एवं अन्य स्थानहरूमा आवश्यकता अनुसार निश्चित दूरीमा किल्ला गाडेर रेखाङ्कन गर्ने चालु आ.व. मा राखिएको नीतिलाई थप व्यवस्थित गरी कार्यन्वयनमा ल्याईनेछ। यस कार्यका लागि इष्टिमेटमै बजेटको व्यवस्था गरिनेछ। नगरभित्रका हाट बजारहरूलाई वातावरण मैत्री हुने गरी ग्रीन सिटीको रूपमा विकास गर्न विभिन्न संघ संस्थाहरूसँग हातेमालो गर्ने नीति अबलम्बन गरिनेछ ।
- नदीजन्य सामाग्रीहरुमाआधारित स्थानीय नागरिकहरूको सहभागितामा स्थापित कंक्रिटउद्योगवाट उत्पादित हुने सामग्रीहरुलाई स्तरिकरण एंव बजारीकरण गर्दै लगिने नीतिलाई अवलम्बन गरिनेछ ।
- नगर स्तरीय पूर्वाधार योजनाको हकमा रु.५ लाख र वडा स्तरीय योजनाको हकमा रु.२ लाख भन्दा कम लागतको योजनाहरु छनौट नगरिने नीतिलाई निरन्तरता दिईनेछ।
- मापदण्ड विपरीत नगरपालिकाबाट नक्सा पास नगराई नियम विपरित बनाईएका भवन/संरचनाहरु सडक र ढल निर्माण तथा विस्तार गर्दा संरचना वा भवनको क्षति हुन गएमा सम्बन्धित धनीलाई जिम्मेवार बनाउने नीतिलाई प्रभवकारी रुपमा कार्यन्वयन गरिनेछ।
- सडक तथा संरचना सम्बन्धी पूर्वाधार मर्मत सम्भार गर्न वडालाई तोकिएको कूल बजेट रकम मध्येबाट बढीमा रु.१० लाखबजेट विनियोजन गर्ने व्यवस्था लाई निरन्तरता दिईनेछ।
- अनिवार्य रूपमा नक्सा पास गरी नाला सहितको घर बनाउनु पर्ने व्यवस्था क्रमशः कार्यान्वयन गर्ने नीतिलाई क्रमशःअभियानको रुपमा अगाढी बढाईनेछ।
- संघ,प्रदेश एवं अन्य निकायको सहकार्य एवम समन्वयमा अन्तर पालिका एवं अन्तर जिल्ला जोड्ने रणनीतिक सडकहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ।
- पूँजीगत प्रकृतिका योजना तथा कार्यक्रमहरु चालु वर्षको २०८० फागुनमसान्त सम्ममा सम्झौता गरि सक्नुपर्ने छ ।सम्झौता भएको योजनाको २०८१बैशाख मसान्त भित्रमा कार्य सम्पन्न गरि भूक्तानी लिसक्नु पर्नेछ ।
- आवश्यकता अनुसार प्रत्येक वडामा खुला व्यायामशाला निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- गत आ.व. बाटनै सुरु गरिएका १० लाख माथिका ग्राभेल एंव पेवर्स र कालोपत्रे सडक निर्माणको हकमाअनिवार्य ल्याब टेस्ट गरिने नीतिलाई निरन्तरता दिईनेछ।
- आवश्यकता अनुसार झोलुङ्गे पुल तथा सघन शहरी क्षेत्रमा आकाशे पूल निर्माण गर्दै लगिने नीतिलाई चरणबद्ध रुपमा कार्यन्वयन गरिनेछ।

- नगरभित्र संचालन हुने योजना तथा कार्यक्रमहरुको जानकारी दिने फलामे होर्डिङ बोर्ड कार्य संचालन हुनु भन्दा अगाडीनै अनिवार्य राख्ने कार्यको निरन्तरताको लागि भुक्तानी प्रकृयासंग जोडिने छ। नराखेमा भुक्तानी नहुने नीति अवलम्बन गरिनेछ।
- आर्थिक आत्मनिर्भरताका लागि यस नगरमा अन्तरष्ट्रियस्तरको स्मार्ट सिटी, खेल परियोजना, फोहोरमैला व्यवस्थापन, पर्यटन प्रवर्द्धन, बस पार्क जस्ता पूर्वाधार युक्त परियोजनाहरु निजी क्षेत्रको लगानीमा अगाडी बढाईनेछ। साथै उक्त परियोजनाहरु वातावरणीय अध्ययन, लगानी लगायतका कार्य सम्पन्न गर्न नेपाल इन्फ्रास्टक्चर बैक, नगर विकास कोष र दातृ निकाय जस्ता संस्थाहरुसंग सहकार्य गरी कार्य अगाडी बढाईने विगतको नीतिलाई निरन्तरता दिईनेछ।

## ख)सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम तर्फ

### (अ) शिक्षा, युवा तथा खेलकुद

- महामारीजन्य तथा प्राकृतिक रोग उत्पन्न भएको अवस्थामा सिकाइ निरन्तरताकालागि वैकल्पिक व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- कनकाई नगरपालिकालाई सीपमूलक, वैज्ञानिक, व्यवहारिक एवं गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी शैक्षिक गन्तव्यको रूपमा अगाडि बढाउदै लगिने नीतिलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- शिक्षामा समतामूलक र न्यायोचित पहुँच वृद्धि गरी नगरको समृद्धिको आधार तयार गर्ने नीति अवलम्बन गरिनेछ।
- साक्षरता, निःशुल्क शिक्षा, प्रौढ शिक्षा, सबैका लागि शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षा व्यवस्थापनमा सुधार, शिक्षामा समावेशिता तथा विशेष आवश्यकता भएका बालबालिकाको लागि शिक्षाको उचित व्यवस्था मिलाईनेछ।
- बाल विकास कार्यक्रमको प्रभावकारितामा वृद्धि गर्न बालशिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहनलाई निरन्तरता दिईने छ ।
- सामुदायिक विद्यालयमा कक्षा ८ सम्म अध्ययनरत बालबालिकाहरुको लागि नगरपालिकाबाट उपलब्ध गराउदै आएको पोसाक तथा दिवा खाजालाई निरन्तरता दिईनुका साथै बालबिकास केन्द्रका विद्यार्थीहरूलाई ब्याग उपलब्ध गराईने नीतिलाई निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरूमा कक्षा ११ र १२ मा अध्ययनरत अशक्त,विपन्न तथा जेहेनदार विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिईने छ।

- शिक्षामा प्रविधिको प्रयोग सुनिश्चितता गर्न प्रत्येक विद्यालयहरूमा स्मार्ट कक्षा स्थापनाको कार्यलाई नतिजामुलक हुने गरी अगाडी बढाइनेछ ।
- प्रत्येक विद्यालयहरुमा सिकाइ सामग्री तथा भौतिक पूर्वाधार विकासका साथै सुविधा सम्पन्न बाल विकास कक्षाका लागि आवश्यक फर्निचर व्यवस्थापनगर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- कक्षा ५ र ८ को अन्तिम परीक्षा नगरबाटनै सञ्चालन गरिने नीतिलाई निरन्तरता दिईने छ ।
- सबै विद्यालयहरूमा नृत्य, गायन, खेलकुद, कम्प्युटर, अंग्रेजी शिक्षणमा सुधारकालागि घुम्ती शिक्षकको व्यवस्थालाई आवश्यकता अनुसार थप गर्दै लगिने नीतिलाई क्रमिकता प्रदान गरिनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विषयगत विज्ञको टोली बनाई सघन अनुगमन गरी पृष्ठपोषण लिइने नीतिलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ। शिक्षक तथा विद्यार्थीहरूको शैक्षिक अवलोकन भ्रमण कार्यक्रमलाई श्रोत सुनिश्चितताको आधारमा अगाडी बढाईनेछ।
- कनकाई पोलिटेक्निक इन्स्टिच्युटको भौतिक पूर्वाधार व्यवस्थापनलाई थप सुदृढिकरण गर्दै लगिने कार्यलाई निरन्तरता दिईनेछ।सम्बन्धन स्वीकृत प्राप्त भई आएमा यसै शैक्षिक वर्षबाट डिप्लोमा इन फार्मेसी, डिप्लोमा इन एग्रिकल्चर इन्जिनियरिङ्ग, डिप्लोमा इन प्लान्ट साईन्स र डिप्लोमा इन एनिमल साइन्सको पठनपाठन समेत शुरु गरिनेछ ।
- नगरपालिका भित्रका सबै विद्यालयहरूलाई इन्ट्रानेटको पहुँच साथै सिसि टिभीको व्यवस्थापन गरी विद्यालयलाई सुरक्षित एवं विद्यालय नेतृत्वको भूमिका सवलीकरणका साथै पठन पाठनमा नविनतम प्रविधिको प्रयोगलाई अभिवृद्धि गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- शैक्षिक सुधारका निमित्त सम्बन्धित सरोकारवालाहरू बीच अपनत्व र संलग्नताको भावना सिर्जना गरिने विविध कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिईनेछ।
- आवश्यकता तथा प्रस्तावनाका आधारमा विद्यालयहरूको भौतिक संरचना मर्मत संभार एंव सौन्दर्यकरण गर्न चालु आ.व.बाट अनुदानको व्यवस्था गरिदै लगिनेछ।
- सामुदायिक विद्यालयहरूमा अध्ययनरत लक्षित वर्गका बालबालिकाहरूलाई दिइदै आएको छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइने छ।
- शैक्षिक सामाग्रीको प्रयोग र प्रभावकारितामा वृद्धि गर्न शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गरिने नीतिलाई अवलम्बन गरिनेछ।
- विद्यालयहरुमा संचालनमा रहेको फूलबारी, करेसाबारी, खानेपानी तथा सरसफाइको कार्यक्रमलाई निरन्तरता दिईने छ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार कक्ष तथा स्वास्थ्य सामाग्री व्यवस्थापन गरिने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिने छ।बर्षमा २ पटक विद्यार्थी तथा शिक्षकहरुको स्वास्थ्य जाँच गर्ने व्यवस्थालाई चालू आ.व.को मूल्यांकनको आधारमा अगाडी बढाईनेछ।

- विद्यालयहरूमा आईपर्न सक्ने सम्भावित जोखिम व्यवस्थापन गर्न विपद् व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यहरु अगाडी बढाईनेछ ।
- औचित्यता,आवश्यकतार पुष्ट्याईको आधारमाविद्यालयहरूमा अंग्रेजी र नेपाली माध्यमबाट हुने अध्यापन कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सामुदायिक विद्यालयमा अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थीहरू मध्ये प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि सहयोग कार्यक्रमलाई निरन्तरता दिइने छ।
- विद्यालयहरूमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रभावकारी रुपमा सञ्चालन गर्नेकार्यलाई थप प्रभावकारी बनाईनेछ।
- धार्मिक विद्यालयहरू, जस्तैः- मदरसा, गुरुकुल आदिको प्रभावकारी रुपमा संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- शिक्षकहरूको क्षमता विकासका लागि ICT तालिम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- खेलकुदको समग्र विकासमा ध्यान दिई विद्यालय र विद्यालय बाहिर खेलकुदका कार्यक्रमहरू, खेल मैदानको थप निर्माण तथा व्यवस्थापन गरिदै लगिनेछ। साथैयुवाहरूलाई समय सन्दर्भ अनुसार प्रविधि मैत्रीसँग जोडी संस्कारयुक्त समाज निर्माण गरिने तथा संगठनात्मक गतिविधिका माध्यमबाट नगर विकास प्रक्रियामा उनीहरूलाई सहभागी गराइनेछ एवं रोजगारसँग युवालाई आबद्ध गरिने नीतिलाई जोड दिईनेछ।
- **पढ्दै सिप सिक्दै कार्यक्रम** लाई स्थानीय स्रोत साधन एवं वस्तुस्थिती अनुसार क्रमशः सवै विद्यालयहरुमा विस्तार गर्ने नीति लिईएको छ। सामुदायिक क्याम्पसहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ। विद्यार्थी भर्ना अभियान प्रभावकारी रुपमा संचालन गरिनेछ।विद्यालयहरुमा रेडक्रस तथा स्काउट जस्ता संस्थाहरुलाई व्यवस्थित गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**(आ) स्वास्थ्य**

- महामारीजन्य तथा प्राकृतिक रोगको रोकथाम तथा नियन्त्रणकालागि प्रवर्द्धनात्मक र उपचारात्मक उपायहरू अवलम्बन गरिनेछ ।
- नगर भित्र संचालनमा रहेका सबै स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाउन आवश्यक पर्ने औजार, उपकरण, फर्निचर समेतको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- कनकाई नगर अस्पताललाई थप विषेशज्ञ सेवाका साथै आवश्यक उपकरण तथा सेवाको विस्तार गरिने नीतिलाई निरन्तरता दिईनेछ।
- सबै स्वास्थ्य संस्थाको वातावरण स्वच्छ बनाउन फोहोर व्यवस्थापनकोलागि इन्सिनेटर बनाउने साथै खानेपानी व्यवस्थापन तथा वृक्षरोपण कार्यक्रम संचालन गरिनेछ।
- गर्भवती सुत्केरीको लगत राखी स्वास्थ्य प्रवर्द्धन गर्न फोन सेवा तथा होमटुहोम भिजिट सेवाको कार्यलाई कार्यान्वयन गरिने र सुरक्षित मातृत्व उपलब्ध भएको नजिकैको जिल्ला तथा प्रदेश

भित्रको अस्पतालसम्म सुत्केरी गराउन नगरले निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

- दुई वर्ष मुनीका सम्पूर्ण बालबालिकाको शारीरिक वृद्धिदर अनुगमन गरी कुपोषितलाई स्वस्थ्य बनाउन संचालनमा रहेका कार्यक्रमलाई व्यवस्थित गर्दै लगिने छ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत सम्पूर्ण सरकारी,सामुदायिक तथा निजी विद्यालयमा समेत क्रमशः लागू गर्दै लगिने छ ।
- महामारीजन्य रोगहरू जस्तै- कोरोना, डेङ्गु लगायतका सरुवा रोगहरू रोकथाम तथा नियन्त्रणका कार्यक्रम र विपद् व्यवस्थापन पूर्व तयारी कार्यक्रम सञ्चालनलाई थप भरपर्दो र जनमुखी बनाउदै लगिनेछ। नसर्ने रोग लाग्न नदिन जीवनशैली परिवर्तन जस्ता कार्यक्रम सञ्चालन गर्ने कार्यलाई विस्तार गरिनेछ ।
- विगत आ.व.बाट नै सञ्चालनमा रहेको ज्येष्ठ नागरिकलाई स्वास्थ्य सामग्रीवितरण तथा स्वास्थ्य जाँच कार्यक्रम सञ्चालन गर्ने नीति भइरहेको कार्यलाई प्राथमिकतामा राखी कार्य गरिनेछ।
- विद्यालयहरूमा सचेतनामूलक तथा वातावरण सरसफाई, खानेपानी तथा लागूपदार्थ सम्बन्धी कार्यक्रम थप विस्तार गर्न सरोकारवालाहरुसँगको समन्वय/सहजीकरणमा विभिन्न क्रियाकलापहरु अगाडी बढाईने छ।
- प्रजनन स्वास्थ्य, आमा समूह तथा सुरक्षित गर्भपतन सम्बन्धी समुदाय, महिला समूह, किशोर-किशोरीहरूका लागि सचेतनामूलक कार्यक्रमकालाई प्राथमिकता दिईने कार्यलाई कडाईका साथ अगाडि बढाइनेछ।
- सर्ने तथा नसर्ने रोगहरूको पहिचान गर्न नगर स्वास्थ्य शाखाको समन्वयमा विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ ।
- क्षयरोग, कुष्ठरोग, औलो, कालाज्वर, हात्तीपाईले जस्ता सरुवा रोगहरुको नियन्त्रण र निर्मूलीकरण गर्न आवश्यक कार्यक्रमहरू थप प्रभावकारी रुपमा अगाडि बढाईनेछ ।
- कनकाई नगर अस्पतालको लागि १० औं नगरसभाबाट स्वीकृत संगठन तथा दरबन्दीलाई श्रोत सुनिश्चितका आधारमा जनशक्ति व्यवस्थापन गर्दै लगिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गरी आवश्यक प्रोत्साहन सहित उनीहरूको सेवालाई थप गुणस्तरीय बनाइने छ।आयुर्वेद चिकित्सा प्रणालीको क्रमबद्ध रूपमा विकास गरिनेछ। होमियोप्याथी, युनानी तथा अन्य पूरक चिकित्सा प्रणालीहरूको संरक्षण, विकास एवं विस्तारकालागि दीर्घकालीन योजना निर्माण गरी क्रमशः लागु गरिनेछ।
- नियम अनुसार प्रक्रिया पुरा गरी नगर क्षेत्रभित्रदर्ता भएका निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको सघन अनुगमन गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- महिलाहरूको पाठेघर सम्बन्धी परीक्षण तथा उपचारको व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिदैं थप व्यवस्थित गर्दै लगिनेछ ।

- स्वास्थ्यकर्मीहरूको कार्य प्रकृयामा समय अनुसार परिवर्तन गर्न विभिन्न स्वास्थ्य संस्थाहरुको अवलोकन भ्रमणलाई निरन्तरता दिईने छ। विभिन्न संघ-संस्थाहरूको साझेदारीमा स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

## (इ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग तथा लक्षित वर्ग तर्फ

- लागु औषधजन्य पदार्थको प्रयोगबाट समाजमा रहेका युवाहरु कुलतमा फस्न सक्ने संभावनालाई आंकलन गरी समय सापेक्ष रुपमा तोकिएका संस्थाहरुसँग समन्वय र सहकार्य गरी प्रभावकारी कार्यक्रम संचालन गरिदै लगिनेछ । मानव बेचविखन तथा घरेलु हिंसालाई निरूत्साहित गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने तथा हिंसा पीडित महिलाहरूको पहिचान गरी जीविकोपार्जनका लागि ल्याइएका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
- विपन्न तथा एकल महिलाहरूको व्यक्तित्व विकास तथा सीप र क्षमता अभिवृद्धि गर्दै घरेलु उद्योग, कृषि र व्यापार व्यवसायमा प्रोत्साहित गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
- लैङ्गिक हिंसा विरुद्ध हुने सवै प्रकारका हिँसा, शोषण, दुर्व्यहार र भेदभाव अन्त्य गर्दै लैङ्गिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गरिने र हिँसा न्यूनीकरणका कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ।
- हाल सञ्चालनमा रहेको उपमेयर सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाउँदै लगिने छ।
- महिलाहरूलाई समिति तथा समूहस्तरमा विस्तार गरी सशक्तीकरणका कार्यक्रमसञ्चालन गरिंदै लगिनेछ। किशोर-किशोरीहरूलाई सक्षम नागरिकको रूपमा विकास गर्न किशोरी-किशोरी शिक्षाका कार्यक्रमहरू सञ्चालन तथा प्रवर्द्धनमा जोड दिईने छ।
- जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण तथा जेष्ठ नागरिकको अधिकार संरक्षणका लागि कल्याणकारी कार्यक्रम संचालनमा ल्याईने छ। जस्तैःज्येष्ठ नागरिक घुम्ती स्वास्थ्य परीक्षण, जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम, बाल मैत्री स्थानीय शासन, ज्येष्ठ नागरिक सम्मान तथा आदिवासी, जनजाति, दलित, अपाङ्ग, एकल महिला र अल्पसंख्यकहरुकालागि सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइने छ।
- ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता भएकाहरूकोलागि सञ्चालित निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गरी नगर क्षेत्र भित्रकाअतिअशक्त, विपन्न तथा कडा रोग लागेका व्यक्तिहरूलाई पनि यस कार्यक्रममा समेट्दै निजहरूको सामाजिक सुरक्षालाईथप व्यवस्थित गर्दै लगिनेछ ।
- आ.व. २०८०/८१ भित्र यस कनकाई नगरपालिकालाई बालमैत्री नगर घोषणा गरिनेछ साथै बालबालिकाहरूको कार्यक्रममा बाल सञ्जाल तथा बाल क्लबहरुलाई नगरले संचालन गर्ने विभिन्न कार्यक्रमहरुमा सक्रियसहभागीता गराइने नीतिलाई निरन्तरता दिइनेछ ।

- असहायएंवम विपन्न नागरिकहरुलाई खाद्य सुरक्षा र निर्वाहकोलागि कार्यविधि बनाई सहयोगको व्यवस्था मिलाईनेछ।
- आवश्यक्ता र औचित्यका आधारमा बाल उद्यान गृह, खेल मैदान र न्युनतम मापदण्ड सहितका वाल विकास केन्द्रको स्थापना र व्यवस्थापन गरिने कार्य प्रभावकारी रुपमा अगाडि बढाइनेछ।
- आगामि आ.व. को साउन १ गतेबाट लागू हुने गरि कनकाई नगपालिका क्षेत्र भर सुर्तीजन्य पदार्थ अन्तर्गत खैनी, चुरोट र गुड्खाको बिक्री वितरण र प्रयोग गर्न नपाउने गरि कानुन निर्माण गरि कार्यान्वयन गरिनेछ । साथै जङ्कफुड र सुर्तिजन्य पदार्थको उपयोग तथा ओसारपसारलाई निरुत्साहित गर्दै प्रतिबन्ध गर्ने गरी आवश्यक कार्यक्रहरु संचालन गरिनेछ।
- वालबालिकाको लागि बाल मनोपरामर्श सेवा नगरको बाल मनोपरामर्श सेवा ईकाइ मार्फत उपलब्ध गराइनेछ ।

## ग) वन, वातावरण, विपद् व्यवस्थापन तथा पर्यटन नीति तथा कार्यक्रम तर्फ

### १) खानेपानी तथा सरसफाई

- फोहोरलाई व्यबस्थापन गर्नका लागि सार्वजनिक निजी साझेदारीमा कनकाई-विर्ता-अर्जुन नविकरणीय उर्जा.लि. कनकाई ,विर्तामोड र अर्जनधारा नगरपालिकाको ६० प्रतिशत र सञ्चालक तथा नागरिकहरुको ४० प्रतिशत लगानीमा सञ्चालन हुन लागेको उक्त स्थानमा नगरको फोहोर विसर्जन गर्ने व्यवस्था मिलाईने छ। साथै कुहिने र नकुहिने फोहोरलाई आय-आर्जनको स्रोतको रुपमा उचित व्यवस्थापन गरिनेछ ।
- सरसफाईअभियान कार्यक्रमलाई व्यापक रुपमा विस्तार गरिनुका साथै स्वस्थ्य नगरको लागि सार्वजनिक स्थलमा थप शौचालयको निर्माण गरी तिनको उचित व्यबस्थापनको जिम्मा स्थानीय संघ-संस्था, व्यक्ति वा समितिलाई हस्तान्तरण गरिने नीतिलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- नगरवासीलाई शुद्ध खानेपानी उपलब्ध गराउने कार्यलाई संघ, प्रदेश र दातृ निकायसँग सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइने छ। नगरमा स्वच्छ पिउने पानी उपलब्ध नभएका घर परिवारलाई पिउने पानीको उचित व्यवस्थापन गरिनेछ ।

### २) वन, वातावरण तथा पर्यटन

- धुँवारहित चुलो निर्माण र गोवरग्याँस प्रयोगमा नगरवासीलाई प्रोत्साहनका कार्यक्रम लागू गरी वैकल्पिक उर्जा प्रविधिलाई समेत उपयोग गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ ।
- धार्मिक-सांस्कृतिक तथा पर्या-पर्यटनको प्रचुर सम्भावना रहेको यस नगरमा एकिकृत पर्यटन विकास गुरू योजना अनुसार नगर विकास कोष जस्ता सरोकारवालाहरुको सहकार्यमा पर्यटन विकासका विविध कार्यक्रमहरुलाई प्राथमिकता दिइने नीति लिइनेछ।

- होम-स्टे प्रबर्द्वन, कोच राजबंशी संग्रहालय, पवित्र कनकाई नदी तट, नगरका बिभिन्न पिकनिक स्पट, सीमसार, ताल-तलैया, वन-बाटिका, सामुदायिक वन, धनुषकोटी धाम, कोटिहोम, कनकाई घाट, विभिन्न सामुदायिक भवन, झण्डिचुली पदमार्ग, जगन पाण्डे दरवार लगायतका आकर्षित एवम्पर्यटकीय स्थलहरुमा पर्यटकको आवगमनमा वृद्धि गर्ने नीति अवलम्बन गरिनुका साथै प्रचार प्रसारका कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- वन क्षेत्रमा फायरलाईनका लागि आवश्यक ठाँउमा बाटो निर्माण तथा फायर एक्टेनग्युचर बितरण कार्यलाई अगाडि बढाइनेछ ।
- एक घर दुई बिरुवा, नगरका बाटाको दुवै तर्फ मझौला कदका विरुवा रोपण, नदी किनारामा ग्रीन बेल्ट निर्माण, स्मृति वाटिका निर्माण,नदी उकास क्षेत्रका खाली स्थानमा बृक्षारोपणका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईने र औषधी तथा फलफुलजन्य बिरुवा रोपण र संरक्षणलाई कार्यक्रमको रुपमा अगाडि बढाइनेछ।
- मुलुकको आन्तरिक पर्यटनलाई प्रवर्द्वन गर्न संघीय तथा प्रदेश सरकारको नीति बमोजिम स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई श्रोत सुनिश्चितताको आधारमा पहिचान गरि १० दिन बराबरको रकम तलव सुविधा सहितको अन्तरपालिका तथा अन्तर प्रदेशको पर्यटन प्रवर्द्वनका लागि पर्यटन काज उपलब्ध गराईने व्यवस्था मिलाईने छ।
- प्राकृतिक स्रोतबाट प्राप्त आम्दानी सोही क्षेत्रको विकास निर्माणमा खर्च गर्ने अभ्यासलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- आर्थिक समुन्नतिका लागि नगर र नागरिक समेतको लगानी भन्ने मूल ध्येयका साथ पर्यटन क्षेत्रको प्रवर्द्वनमा जोड दिदै यस नगरक्षेत्र भित्र रहेका प्रकृतिक सम्पदाहरु, सिमसार, धार्मिक तथा सास्कृतिक क्षेत्रहरुको पर्यटन सर्किटको विकास लगायत सर्वाङ्गीण विकासका लागि नगरपालिका र स्थानीय नागरिकहरु समेतको साझेदारीमा अधिकार सम्पन्न कनकाई सभ्यता पर्यटन प्राधिकरणको स्थापना गर्ने कार्यका अगाडि बढाईनेछ।

## ३) विपद् व्यवस्थापन

- सम्भावित आगलागी नियन्त्रण गर्न सडक किनारामा प्रत्येक सय मिटरमा रहने गरी नगरका सघन क्षेत्रबाट क्रस पाइप जडान गर्ने तथा ओपन भल्भ राख्ने कार्यको शुरुवात गर्दै विगतको नीतिलाई प्रभावकारी रुपमा अगाडी बढाईदैलगिनेछ ।
- भू-क्षय तथा पहिरो रोकथामकालागि भेटिवर, अम्लिसो, बाबियो, बाँस लगायतका बिरुवा चुरे तथा नदी किनारामा लगाइने व्यवस्था मिलाइनेछ ।
- नगरको जोखिम तथा सुरक्षित क्षेत्रको नक्सांकन गरिने र जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने मानिसको तत्थ्याङ्क/अभिलेख संकलन तथा अध्याबधिक गरिनुका साथै बाढी सूचना प्रणाली तथा तत्काल उद्धार र राहतकालागि प्रत्येक वडामा उद्धार टोली गठन गरी आवश्यक तालिमको

व्यबस्था मिलाईनुका साथै उनीहरुको आवश्यक विवरण सहित सूचिकरणको व्यवस्था मिलाइनेछ । नगरमा रहेको स्थानीय आपतकालिन विपद केन्द्र (LEOC) लाई थप व्यवस्थित गरिने र जिल्ला विपद् व्यवस्थापन समिति (DEOC)झापासँग समन्वय र सहकार्य गरी विपद् जोखिम न्यूनिकरण तथा नियन्त्रण गर्ने कार्य प्रभावकारी रुपमा अगाडी बढाइनेछ।

- नदीजन्य पदार्थको अनियन्त्रित रुपमा हुने उत्खनन तथा अन्य प्राकृतिक स्रोतमाहुनसक्ने दोहनलाई नियन्त्रण गर्न अनुगमन र सुपरिवेक्षण प्रणालीलाई थप व्यवस्थित गर्दै लगिने छ ।।
- यस नगरबाट तयार हुने विपद पूर्व तयारी तथा विपद प्रतिकार्य योजना (DPRP) र स्थानीय विपद तथा जलवायु उत्थानशिल प्रतिकार्य योजनामा उल्लेखित कार्यहरु कार्यान्वयन गर्दैलगिने छ।
- संकटासन्न क्षेत्रको पहिचाहन, नक्साङ्कन तथा अभिलेखीकरण गरिएका स्थलाहरुको उचित व्यवस्थापन गरिनेछ ।
- विपत पूर्व तयारी स्वरुप खाद्य, गैर खाद्य र स्वच्छत्ता एवम उद्दार सामाग्रीको एकिकृत रुपमा र विपतका समयमा विपद परिवारहरुलाई आवश्यकता अनुसार राहत वितरण गरिनेछ।

## घ) सार्वजनिक सेवा, सु-शासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति तर्फ

- प्राकृतिक महामारीबाट हुनसक्ने विपतलाई मध्यनजर गर्दै नगरपालिका तथा वडावाट गरिने सिफारिसहरुलाई स्वचालित प्रविधिको प्रयोग गरी सेवाग्राहीले आफ्नो इमेलमा नै प्राप्त गर्न सक्ने प्रणालीलाई थप व्यवस्थित गरिनुका साथै सेवा संचालनको व्यवस्था गर्दै लगिनेछ। कागजको कम प्रयोगयुक्त संगठनको अवधारणालाई आत्मसाथ गर्दै आवश्यकतानुसार सूचना प्रविधिको प्रयोग तथा इन्ट्रानेटको व्यवस्थापनको लागि उपकरण खरिद तथा जडान र संचालनको व्यवस्था क्रमशः मिलाईदै लगिनेछ।
- **"जनताको घरदैलोमा जनप्रतिनिधी कार्यक्रम"**लाई टोल विकास समीति मार्फत मासिक रुपमा लागू हुनेगरी सञ्चालन गर्दै नगरवासी सँग प्रत्यक्ष सम्वाद र गुनासो सुन्ने परिपाटीको थालनी गरिनेछ ।
- सेवाग्राहीको सन्तुष्टी मापन फारामको प्रयोगलाई नगरपालिका तथा मातहतका कार्यलयहरुमा कार्यान्वयन गर्दै लगिनेछ ।
- सर्भर व्यवस्थापन कक्षलाई थप व्यवस्थित गरिने छ। साथै डिजास्टर रिकोभरी प्लान अन्तरगत नजिकैको पालिका संग समन्वय तथा सम्झौता गरी व्याकअप सर्भर स्थापना गरी संचालनमा ल्याईनेछ।
- सडक सुरक्षाको निमित्त विभिन्न स्थानमा सिसि क्यामरा जडान गर्ने कार्यलाई रकम विनियोजन गरि आवश्यक प्रकृया प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
- विद्युतीय भुक्तानी प्रणालीको प्रयोगलाई अनिवार्य गर्दै लगिनेछ।

- न्यायिक समितिमा दर्ता हुने सवै विवाद तथा उजुरीहरुको निर्णयमा सरोकारवालाहरुलाई सहभागी गराई छलफल, मेलमिलाप तथा कानूनी प्रकृयाबाट छिटो छरितो एवं महसुस हुने गरी न्यायिक सम्पादन कार्य प्रभावकारी बनाइनेछ ।
- सम्पूर्ण वडा तथा नगरपालिकाको थप सुरक्षालाई व्यवस्थित गर्न सवै वडा कार्यालयमा आवश्यक मात्रामा सि. सि. क्यामरा जडान गर्ने कार्य क्रमशः अगाडी बढाइनेछ।
- जनप्रतिनिधि र कर्मचारीलाई प्रविधि मैत्री बनाउन र अनिवार्य रुपमा इमेलको प्रयोग गर्ने नीतिलाई अगाडि बढाई कम्प्युटर तथा प्रविधिमा अव्बल बनाउन तालिम तथा प्रशिक्षण संचालन गरिने छ। साथैउनीहरुको क्षमता विकासकोलागि अभिमुखीकरण, गोष्ठी, तालिम तथा अवलोकन भ्रमण लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नगरिकलाई सार्वजनिक सेवा प्रवाहको जानकारीको लागि अन्तरक्रियात्मक बोर्ड (Interactive Board) राख्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- **"पुराना अभिलेख हाम्रा सम्पत्ति हुन् यसलाई हामीले नै उचित व्यवस्थापन गर्नु पर्छ"** भनी गत आ.व. देखि अगाडि सारिएका ऐन, कानुन, नियमावली, कार्यविधि, निर्देशिकाहरु र सूचनाहरु संकलन,संग्रह र प्रकाशन गर्ने तथा अभिलेख राख्ने कार्य व्यवस्थित गर्दै लगिनेछ ।
- क्षमता विकास योजना (CDC Plan)अनुसारका क्षमता विकास सम्बन्धी तालिम/कार्यक्रम नियमित संचालन गरिनेछ।
- कुनै पनि योजना सम्झौता हुनुपुर्व नै काम सुरु भएमा त्यस्ता किसिमको कामकोलागि भुक्तानी गरिनेछैन। बजेट तथा कार्यक्रममा तोकिए बमोजिमका योजनाहरुको मात्र प्रकृयागत र कानून सम्मत रुपमा सम्झौताको कार्य गरिने तथा सम्झौताको बखत उल्लेख भए बमोजिमका बिधि र प्रकृया बमोजिम निर्माण सम्पन्न गर्न उपभोक्ता समिति र ठेकेदारलाई पूर्ण रुपमा परिपालन गर्नु पर्ने नीतिलाई गुणस्तरयुक्त उपभोक्ता मैत्री हुने गरि कार्यन्वयन गरिनेछ।
- नगरपालिकाबाट हुने सेवा प्रवाह कार्यान्वयनमा पारदर्शिता, नियमितता , जवाफदेहिता प्रवर्द्धन गर्दै सहभागितामूलक तथा पूर्वानुमानयोग्य वनाउन सार्वजनिक सुनुवाइ, खर्च सार्वजनीकिकरणआदि कार्यक्रमहरु कार्यतालिका बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।
- नगरमा रहेका सबै सेवा प्रदायक संस्थाहरुमा सहायता कक्ष (Help Desk) राखी सेवाग्राही सन्तुष्टि मापन फाराम, नागरिक वडापत्र, सुझाव पेटिका, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्थापन गरि सेवाग्राही मैत्री वातावतरण तयार गरिनेछ।
- नगरपालिकावाट प्रवाह गरिने सेवालाई चुस्त-दुरुस्त र जनमुखी बनाउन**"इमान्दार कर्मचारी, स्वच्छ प्रशासन र नागरिक मैत्री सेवा प्रवाह"**भन्ने नारालाई व्यवहारमा लागु गर्दै

कर्मचारीहरुलाई काम प्रति अभिप्रेरित गराई मनोवल उच्च राख्न विशेष प्रोत्साहनका कार्यक्रमलाई क्रमशः सञ्चालन गर्दै लगिने छ ।

- कर्मचारी संगठन संरचना स्वीकृत हुनु भन्दा अगावै देखि अबिछिन्न रुपमा कार्यरत अस्थायी, करार, ज्यालदारी कर्मचारी तथा स्वंयमसेवकहरुलाई आवश्यक्ता तथा कार्यक्षमताको आधारमा नेपाल सरकारले तोकेको कार्यसम्पादन मूल्याङकनको आधारमा निरन्तरता दिईनेछ।
- तटस्थता, सेवाको गुणस्तरता, सेवाग्राहीमैत्री, सेवाप्रवाहको सुनिश्चितता, प्रश्न गर्ने र जानकारी लिन पाउने सार्वजनिक सेवाप्रवाहको मूलमन्त्रलाई पूर्ण रुपमा परिपालना गर्ने व्यवस्था मिलाइनेछ ।
- बेरुजु फछ्र्यौटका लागि औल्याएका विषयहरुमा माग गरिएका विवरण तोकिएका समयमा नै उपलब्ध गराई बेरुजु सम्परिक्षण गराई नियमित गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्य गरिनेछ ।

- सार्वजनिक खरीद प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउँदै लगिनेछ। विद्युतीय खरीद प्रणालीको प्रयोगलाई प्राथमिकताकासाथ निरन्तरता दिइनेछ।वित्तीय तथा आर्थिक विवरणको मासिक तथा चौमासिक प्रतिवेदन, योजना तथा कार्यक्रमको चौमासिक प्रगति विवरण, प्रगति समीक्षा र वार्षिक प्रतिवेदनहरु कानुनले तोके बमोजिम प्रकाशित गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
  - नगरस्तरिय अनुगमन समितिलाईविधि र प्रकृया अनुसार थप सक्रिय बनाई बजार अनुगमन, योजना तथा कार्यक्रम अनुगमनलाई तिव्रता दिईनेछ।
  - नगरपालिकाको लगानीमा निर्माण हुने वृतचित्र, भिडियो, प्रकाशन, लेखन, सफलताका कथाहरु जस्ता कार्यक्रम प्रसारणमा नगरपालिकाको स्वामित्व तथा प्रतिलिपी अधिकार रहने व्यवस्था मिलाइनेछ भने लेखक तथा निर्माणकर्तालाई रोयल्टी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
  - बजेट तथा कार्यक्रममा उल्लेख भए अनुसार शिर्षकको खर्च नेपाल सरकारले तोकेको सूत्र सफ्टवेर प्रणाली मार्फत संचालन गरिनेछ।
  - विगत वर्षमा झै योजना तथा कार्यक्रमहरुको घुम्ती सम्झौता कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
  - १० लाख भन्दा माथिका योजना तथा कार्यक्रमको अनिर्वाय रुपमा आम भेला मार्फत सार्वजनि सुनुवाई गर्ने कार्यलाई कडाइका साथ लागू गरिनेछ ।
  - सम्पन्न हुने योजना तथा कार्यक्रमको अनुगमन तथा फरफारकलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
  - नगरबाट प्रकाशन हुने सबै ठेक्का, सूचना समाचार आदि वेभसाईट तथा फेसबुक पेज मार्फत अनिवार्य प्रकाशन भइरहेको कार्यलाई थप प्रविधिमैत्री बनाइने छ र नगरको योजना तथा

कार्यक्रम र आय/व्ययलाई तोकिएकै समयमा सार्वजनिक गरिने कार्यलाई कडाइका साथ पालना गरिनेछ ।

- नगरपालिकामा प्राविधिक जनशक्ति अभाव रहेकाले प्राविधिक पदको पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग सँग माग गर्ने र पदपूर्ति नहुनजेल सम्मका लागि उक्त पदमा करार सेवा बाट लिइनेछ ।
- मापदण्ड निर्माण गरी उत्कृष्ट वडा पहिचान गरिनेछ। राजश्व संकलनलाई प्रभावकारी बनाउन राजश्व संकलक तथा वडा सचिवलाई मासिक राजश्व संकलनको तार्गेटको व्यवस्था गरिनेछ।
- पहिलो कार्यकाल तथा दोस्रो कार्यकालका जनप्रतिनिधिहरुको प्रोफाईल निर्माण गरिनेछ, पहिलो कार्यकालको समग्र प्रगति पुस्तिका तयार गरी प्रकाशन गरिनेछ।
- चालु आ.व.को प्रारम्भमा जनप्रतिनिधिहरुलाई योजना छनौट, कार्यसम्पादन र विकासका सूचक सम्बन्धी तालिम, गोष्ठी, सेमिनार सञ्चालन गरिने व्यवस्था गरिनेछ ।
- योजना कार्यान्वयनको प्रारम्भ, मध्य र अन्त्यमा अनुगमन, छलफल प्रकृया र निर्णय प्रकृया लागू गरी योजना सम्पन्नताको दस्तावेज विद्युतिय माध्यमद्वारा सार्वजनिक गरिनेछ ।
- नगपालिकाको सेवालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन तथा नगरपालिकामा सेवाग्राहीको चाप कम गर्न वडालाई सुसज्जित बनाउदै लगिनेछ ।
- नगरपालिकाबाट सेवाग्राहीले सेवा लिदा विभिन्न शीर्षकमा कागपत्रहरुको सूची विद्युतीय माध्यमद्वारा निरन्तर जानकारी गराउने परिपाटीको थालनी गरिनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको वर्ष भरिको कार्यसम्पादन मूल्याङकनको आधारमा उत्कृष्ट वर्ष कर्मचारी तथा जनप्रतिनिधि घोषणा गरी नगद पुरस्कार सहित सम्मानपत्रले सम्मान गरिने नीति अवलम्बन गरिनेछ ।
- चालु आ.व.को अन्त्यमा क्रमिक रुपमा वडा तथा नगरमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी कार्यक्रमको विद्युतीय माध्यमबाट लाइभ प्रसारणको थालनी गरिनेछ।
- विकासको सुचकको आधारमा चालु आ.व.को अन्त्यमा उत्कृष्ट योजनाहरुको प्रभावकारीता, सेवाग्राहीले प्राप्त गरेको लाभ र यसको सकरात्मक असर सार्वजनिक गरिनेछ ।

## ङ)आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम तर्फ

### (अ) राजश्व परिचालन

- नगरलाई समृद्ध बनाउन कर तथा राजस्वको दरलाईथप व्यवस्थित बनाउदै करकादर भन्दा दायरालाई फराकिलो बनाउने नीति प्रभावकारी रुपमा गरिनेछ। नगर क्षेत्र भित्रनै सङ्कलन गरिने नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनलाई नदीजन्य पदार्थ सङ्कलन क्षेत्रमा नै तोकिए बमोजिमको पूर्वाधार विकास शुल्क लगाउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

- नगर क्षेत्र भित्र सञ्चालनमा रहने सवारी साधनहरुको वार्षिक सडक सुधार सवारी कर नगरमानै तिर्नुपर्ने व्यवस्था मिलाइने र तीनपाङ्गे सिटी रिक्सालाई नगरमा दर्ता तथा नविकरण गर्ने कार्यलाई कानुन निर्माण गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्य योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्न लगाईनेछ साथै स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(ख) बमोजिम दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्थालाई अनिर्वाय गरिनेछ ।
- पर्यटकीय क्षेत्र, पिकनिक क्षेत्र , सामुदायिक वनका पर्यटकीय क्षेत्रमा लिइने प्रवेश शुल्कमा पर्यटन, वन वातावरण प्रवर्द्धन तथा संरक्षण शुल्क बापत प्रदेश आर्थिक ऐन बमोजिम कर लगाइनेछ। उक्त रकम सम्बन्धित निकायले चौमासिक रूपमा नगरपालिकामा बुझाउने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- आर्थिक बर्ष २०८०/०८१ मा बुझाउने सम्पत्ति कर, मालपोत तथा भूमि कर २०८० साल पुस मसान्तसम्म एकमुस्ट बुझाएमा दश प्रतिशत छुट दिने व्यवस्थालाईनिरन्तरता दिईनेछ। इ-पेमेन्ट प्रणालीमार्फत कर तिर्ने करदाताहरुलाई कर रकममा थप २ प्रतिसत छुट दिईनेछ। बैक/बित्तीय संस्था एवम सार्वजनिक निकायले नगरपालिकामा बुझाउनु पर्ने राजश्वका रकम/कर अनिवार्य रुपमा इ-पेमेन्टका माध्यमवाट तिर्नुपर्ने व्यवस्था मिलाईएको छ।
- नगरको विभिन्न क्षेत्रका डाटाहरू जस्तै:- घरभाडा, व्यवसाय उद्योग, विभिन्न सञ्जालहरूको आवश्यक डेटाबेस तयार गर्नेकार्य अगाडी बढाईने छ ।आगामी वर्ष घर बहाल कर, व्यवसाय दर्ता तथा नविकरण कार्यलाई अभियानको रुपमा घुम्ति सेवा मार्फत संचालन गरिनेछ।
- आर्थिक बर्ष २०८०/०८१ का लागि नगरपालिकाको स्वामित्वमा रहेका कोठा, सटर, घर भाडा र बहाल कर २०८० साल साउन मसान्तसम्ममा एकमुस्ट बुझाएमा ५ प्रतिशत छुट दिइने व्यवस्थालाईनिरन्तरता दिईनेछ साथै नगरपालिकाले वार्षिक रुपमा लागउने आय ठेक्का, सासहिक हाटबजार, तथा नदिजन्य पदार्थ संकलन तथा विक्रि, पूर्वाधार विकास शुल्क, विज्ञापन करको वार्षिक ठेक्का वापतको रकम सम्झौताकै बखतएकमुस्ट रकम बुझाएमा दश प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिईनेछ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न शैक्षिक संस्थाहरुले लामो समय देखि सम्पत्ति तथा मालपोत कर बुझाउन बाँकी रहेकोमा सो रकम बुझाएमा उक्त संस्थाको शैक्षिक सुधारका लागि बुझाएको रकमको २५ प्रतिशत रकम सोहि शैक्षिक संस्थाको प्रस्तावनाको आधारमा उल्लेखित कार्यक्रममा नै खर्च गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ।

- नगरका कृषक तथा पशुपालक नागरिकहरुको आर्थिक अवस्था अभिबृद्धिका लागि निजहरुले संचालन गरेका कृषि तथा पशुपालनमा आधारित उद्योग/व्यवसायमा सहुलियत प्रदान गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- प्राकृतिक स्रोतवाट प्राप्त हुने आम्दानी सोही क्षेत्रको विकासमा लगानी गर्ने नीति अख्तियार गरिनेछ।
- जग्गाको वर्गिकरण अनुसार राजश्व संकलन गरिनेछ।

## (आ) कृषि तथा पशुपालन

- नगर क्षेत्रलाई विषादीरहित तथा अर्गानिक खेती उन्मुख क्षेत्रको रूपमा विकास गरिने नीतिलाई निरन्तरता दिँदै अर्गानिक प्रमाणीकरणको प्रकृयालाई थप व्यवस्थित गर्दै कार्यान्वयन गर्दै लगिनेछ
- कृषिउत्पादनको विविधिकरण तथा विशिष्टीकरणकोलागि कृषिजन्य बस्तुहरूको उत्पादन, सम्भाव्यता, अनुकुलता तथा हाल भइरहेको कृषिजन्य उत्पादन समेतलाई मध्यनजर गर्दै यस अघि घोषणा गरिएका कृषि पकेट क्षेत्रहरूको विकासलाई निरन्तरता दिइनेछ । थप पकेट क्षेत्रको पहिचान गरिनेछ ।कृषिजन्य वस्तु उत्पादनको संभाव्यता अध्ययनको आधारमा क्रमशः थप अन्य कृषि पकेटक्षेत्रहरू समेत घोषणा गरिँदै लगिने छ।साथै पकेट क्षेत्रवाट उत्पादित बस्तुहरुको उचित बजारिकरणको व्यवस्था मिलाउदै लगिनेछ।
    - वडा नं ५ र ६ मा मकै पकेट क्षेत्रलाई निरन्तरता दिई धान पकेट क्षेत्रमा विस्तार गरिने र वडा नं. ६ लाई माछा पकेट क्षेत्रलाई निरन्तरता दिईने छ।
    - वडा नं ३ र ७ लाई तरकारी खेती पकेट क्षेत्र र धान पकेट क्षेत्रलाई निरन्तरता दिइनेछ ।
    - वडा नं ४ को कनकाई टोल तथा वडा नं ३ र २ को तोकिएको क्षेत्रमा मौरीपालन व्यवसायलाई निरन्तरता दिईने छ।
    - वडा नं. १,२ र ४ लाई पशुपक्षीपालन, तरकारी र धान पकेट क्षेत्रलाई निरन्तरता दिईनेछ।
    - वडा नं. ८ को धान र पशुपालन पकेट क्षेत्रलाई निरन्तरता दिईनेछ।
    - वडा नं. ९ को धान र माछा पकेट क्षेत्रको रूपमा गरिएको विकासलाई निरन्तरता दिईनेछ।
- कृषि तथा पशुपक्षी क्षेत्रमा आउन सक्ने प्राकृतिक जोखिमलाई न्यूनीकरण गर्न कृषि तथा पशुपक्षी बिमा कार्यक्रमलाई थप विस्तार गरी प्रभावकारी बनाउँदै लगिनेछ ।
- खाने तेल, तरकारी, दुग्ध तथा मासुजन्य उत्पादन र खाध्यान्न बालीको बिउ उत्पादनमा नगर क्षेत्रलाई आत्मनिर्भरबनाउने नीति प्रभावकारी बनाईनेछ । यस कार्यमा कृषकहरुलाई विशेष सहयोग र अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ ।उक्त उत्पादित बस्तुहरूको निकासी

प्रवर्द्धन गर्न आवश्यक व्यबस्था मिलाईनुका साथै खाद्यान्न बालीको बिउ उत्पादनलाई थप प्रभावकारी बनाईने नीतिलाई निरन्तरता दिइनेछ।

- विपन्न तथा गरीब किसानहरूको हितलाई ध्यानमा राखी कृषकहरुको लागत सहभागितामा कृषि औजार तथा कृषि सामग्रीहरू उपलब्ध गराउँदै आईरहेको अनुदान दिदैं आइरहेको नीतिलाईआवश्यकता पहिचान गरि उपलब्ध गराईने छ ।
- प्राकृतिक विपदका कारण सिर्जना हुने बेरोजगारी समस्यालाई मध्यनजर गर्दै कृषि उत्पादन बढाउन विभिन्न वित्तिय संस्थाहरुको सह-लगानीमा युवा शक्तिलाई प्रोत्साहन गरिने नीतिलाई थप व्यवस्थित गराई उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न जोड दिईनेछ।
- पशु स्वास्थ्य तथा कृषि सेवालाई कृषकमाझनिरन्तर सञ्चालनमा रहेको स्वास्थ्य शिविरविस्तार गर्दै लगिनेछ ।
- विपन्न नागरिकलाई नगर क्षेत्र भित्र नगदे तथा खाद्यान्य बाली उत्पादनकोलागि जग्गा लिजमा लिई व्यवसाय संञ्चालन गर्ने  थप प्रोत्साहनका कार्यहरु ल्याईनेछ । भूमिगत तथा सतह सिँचाइ कार्यक्रमलाई महत्वका साथ कृषक लक्षित कार्यक्रम मार्फत उपलब्ध गराईने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- कृषि योग्य पकेट क्षेत्रमा पानी संचय पोखरी, स्यालो तथा ड्युप ट्युवेल मार्फत थप जमिनमा सिंचाई सुविधा विस्तार गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- संघ, प्रदेश र अन्य निकायसँगको सहकार्यमा उत्पादित कृषि बस्तु, व्यवस्थित तरकारी बजार, पशु वधशाला, बधस्थल समेतको निर्माण गर्ने र अनुगमन प्रणालीलाई थप  प्रभावकारी बनाईने नीति अख्तियार गरिनेछ ।साथै मासुजन्य उत्पादनको आयात/निर्यातलाई बैज्ञानिक एवम व्यवस्थित बनाउन संघ, प्रदेश, दातृ निकाय तथा सरोकारवाला निकायहरुको सहयोगमा आधुनिक संरचनाको निर्माण कार्य अगाडि बढाउन समन्वय गर्दै लगिनेछ ।
- सिँचाई सुविधा, कृषि सडक, कृषि विद्युतीकरण र उपर्युक्त कृषि प्रविधिको विकास तथा विस्तारलाई थप व्यवस्थित गर्दै साथै कृषि प्रविधि प्रचार-प्रसारका कृयाकलापहरु नियमित रुपमा सञ्चालन गरिने छ ।सो का लागिसूचना प्रविधि तथा आमसञ्चार माध्यमको भरपुर उपयोग गरिने नीति लिइनेछ  ।
- बिभिन्नकृषि अनुसन्धान कार्यहरू र खाद्य तथा पोषण प्रविधि लगायतका कृषि उत्पादन, संकलन, ग्रेडिङ्ग, भण्डारण, प्रशोधन, प्याकेजिङ्ग आदि कार्यहरुमा निजी र गैरसरकारी क्षेत्र समेतको सहकार्य र सहभागितामा कृषि अनुसन्धान तथा विकास प्रणालीको प्रवर्द्धनलाई थप व्यवस्थित बनाउने नीति अवलम्बन गरिनेछ ।
- खाद्य तथा पोषण सुरक्षाको सुनिश्चिताकोलागि निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धी कृषि प्रणालीमा रुपान्तरण गरीदिगो कृषि बिकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने खालका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईदै लगिनेछ।

- कृषिजन्य तथा पशुपालनमा दिदै आएको अनुदानमा पुनःमूल्याङकन गरि कृषि वस्तुको आयातलाई प्रतिस्थापन गर्दै युवा जनशक्तिलाई कृषि तथा पशुपालन कार्यमा आकर्षण गर्नकृषि तथा पशुपक्षींजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण तथा गुणस्तरीय उत्पादनकालागि गुणस्तरीय उत्पादन सामग्रीहरु, उन्नत प्रविधिको प्रसार गरी वितरण प्रणालीलाई व्यवस्थित तथा प्रभावकारी बनाउदै लगिनेछ।
- उत्कृष्ट अगुवा कृषकहरुको पहिचान गरी कृषक सहयोग कार्यक्रमबाट पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- नगरक्षेत्रका विभिन्न स्थानमा विभिन्न समहू/उपसमूह बनाई सामुहिक खेती गर्ने प्रणालीलाई प्रोत्साहन गरिने छ ।आफ्नो निजी जग्गालाई कृषि भूमिका रुपमा स्व-घोषणा गर्ने किसानको जग्गाको मालपोत तथा भुमिकर र सम्पति करमा विशेष छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- नगरमा रहेका बेरोजगार युवा जनशक्तिहरुलाई मध्यनजर गरि कृषि उत्पादनमा युवाहरुलाई प्रोत्साहन स्वरुप युवा स्वरोजगार कार्यक्रमलाई परिस्कृत र परिमार्जन गर्दै लगिनेछ।

## (इ) उद्योग, वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्र सम्बन्धी नीति

- विपन्न तथा गरीब नागरिकलाई स्थानीय स्तरमा सञ्चालनमा रहेका साना तथा मझौला र घरेलु उद्योगहरुमा श्रमशक्तिको अधिक्तम उपयोग गर्ने नीति अनुसारका कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन् गरिनेछ ।
- नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुकोहरूको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन इन्टरनेटमा आधारित एकिकृत विद्युतीय व्यवस्थापन सुचना प्रणाली (COPOMIS) सञ्चालनमा ल्याइनेछ।
- गुणस्तरीय खाद्य पदार्थमा मिति नगुर्जिएका, बिक्री वितरणका लागि बन्द गरिएका खाद्य पदार्थको नापतौल समेतको एकिन एंवम् सुनिश्चतताको लागि निरन्तर गरिएको बजार अनुगमनलाई थप तिव्रता दिने नीतिलाई व्यवस्थित गर्दै लगिनेछ ।
- नगरवासीहरूको सर्वसुलभ वित्तीय पहुँच स्थापना गर्न प्रत्येक वडासम्म वित्तीय संस्थाहरूलाई विस्तार गर्दै गरिएको नीतिलाई सम्बन्धित वित्तिय संस्थासँग समन्वयमा स्थानीय आश्यकताअनुसार विस्तार गर्दै लगिनेछ ।

**नगर सभाध्यक्षज्यू**

**नगरसभा सदस्यज्यूहरु ।**

यस सम्मानित नगर सभा समक्ष मैले उल्लेख गरेका नीति तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व तपाईं हामी सबैको रहेनछ । नगरको समग्र विकासमा सहयोग अभिवृद्दिका

लागि नेपाल सरकार, प्रदेश सरकार, विभिन्न दातृ निकायहरु, बिभिन्न संघसस्थाहरुसँग खुल्ला रुपले सहकार्यका हातहरु अगाडी बढाई विगत आ.व.हरुबाट नै नगरको सर्वोपरि हित हुने गरी निरन्तर कार्य गर्दै आइरहेको विषयमा यहाँहरु समेत साक्षत्कार हुनुहुन्छ। प्रस्तुत नीति तथा कार्यक्रमले समुन्नत तथा समृद्ध कनकाई नगर वनाउने अभियानलाई हृदयगमन गर्दै नगरले लिएको सामाजिक,आर्थिक,सुशासन तथा सेवाप्रवाह,भौतिक पूर्वाधार विकास समेतका क्षेत्रहरुले प्राप्त गर्ने उच्चत्तम प्रतिफलले कनकाई नगर राष्ट्रकै सर्वोकृष्ट एवम् गौरवको नगर बन्ने विश्वास लिएकोछु।यस नगरको विकासमा नगरवासीहरुको सर्वपक्षीय हितलाई अधिकतम प्रतिफल प्राप्त गर्ने लक्ष्यकासाथ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका आधार र परिधि भित्र रही आर्थिक वर्ष २०८०/०८१ को बजेट तर्जुमा गरिने व्यहोरा समेत यस सम्मानीत नगरसभा समक्ष जानकारी गराउन चाहन्छु। नगरले आत्मसाथ गरेको **"समुन्नत सम्पदा दीगो पूर्वाधार, समृद्ध कनकाईको मूल आधार"**भन्ने नारालाई मूर्तरुप दिने गरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**नगर सभाध्यक्षज्यू**

**नगरसभा सदस्यज्यूहरु ।**

अन्त्यमा,यस नगरको समग्र विकासमा सहयोग गर्ने सबै राजनीतिक दलहरु तथा राजनैतिक दलका भातृसंघ/संगठनहरु, राष्ट्रसेवक कर्मचारी, श्रमिक, निजी, गैरसरकारी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, लगायतका नगरका सम्पूर्ण आमाबुवा,दिदीबहिनी तथा दाजुभाईहरु साथै देश विदेशमा रहनुभएका नागरिकहरु, विभिन्न संघ-संस्थाहरु, विभिन्न संचार माध्यम तथा संचारकर्मीहरु समेतबाट प्राप्त सहयोग र सहकार्यका लागि धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**आशा शिवाकोटी**
**(नगर उपप्रमुख)**
**कनकाई नगरपालिका**
जामुनवारी, कोशी प्रदेश, झापा, नेपाल
मितिः २०८०।०३।०४